नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ५५२५४७९
५५२२७२६
हरिहरभवन,ललितपुर

पत्र संख्यां :- ०७७।७८
चलानी न. ११९

मिति: २०७७।०४।१८

विषय: निर्णय/निर्देशन सम्बन्धमा।

श्री पशु रोग अन्वेषण तथा नियन्त्रण महाशाखा, हरिहरभवन।
श्री पशुपन्छी आनुवांशिक श्रोत तथा आर्थिक विश्लेशण महाशाखा, हरिहरभवन।
श्री राष्ट्रिय पशु आहारा तथा लाईभस्टक गुण व्यवस्थापन प्रयोगशाला, हरिहरभवन।
श्री राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, त्रिपुरेश्वर।
श्री सार्क आर.एस.यू.,त्रिपुरेश्वर।
श्री केन्द्रीय मत्स्य प्रबर्द्धन तथा संरक्षण केन्द्र, बालाजु, काठमाण्डौं।
श्री राईजोवियम तथा घाँसेबाली बिउविजन प्रयोगशाला, जनकपुर।
श्री राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशाला,चितवन।
श्री पशु क्वारेन्टाईन महाशाखा, हरिहरभवन।
श्री राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रबर्द्धन कार्यालय, हरिहरभवन।
श्री केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर।
श्री केन्द्रीय रिफरल पशु चिकित्सालय, त्रिपुरेश्वर।
श्री भेटेरीनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला, बुढानिलकण्ठ।
श्री खोरेत तथा सिमा विहिन पशु रोग अन्वेषण प्रयोगशाला, बुढानिलकण्ठ।
श्री राष्ट्रीय पशु प्रजनन् कार्यालय लाहान / पोखरा/नेपालगंज।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं.०८, मिति २०७७।०४।०४ गतेको पत्र अनुसार संचार तथा सुचना प्रविधि मन्त्रालयको च.नं. ४६८, मिति २०७७।०३।२१ को पत्रबाट संघीय संसद, प्रतिनिधि सभा,विकास तथा प्रविधि समितिको च.नं. १६७,मिति २०७७।०३।१७ गतेको पत्रसाथ प्राप्त उक्त समितिको तपशीलमा उल्लेख निर्देशन भएको व्यहोरा यस मन्त्रालय र अन्तर्गत सबै सरकारी पदाधिकारी एवम् कर्मचारीहरुले सरकारी इमेल प्रयोग गर्ने व्यवस्था मिलाउने तथा तथा सरकारी निकायबाट प्रयोग गरिने एप्स तथा सामाजिक संचालनहरु सुरक्षा,गोपनियता र उपयोगिताका हिसाबले उपयुक्त रहेको भनी नियमनकर्ता निकायले पुष्टि गरेपछि मात्रै प्रयोग गर्ने व्यवस्था मिलाउने र सो को जानकारी यस मन्त्रालयमा दिनु हुन मिति २०७७।०३।१६ गतेको निर्यणानुसार अनुरोध छ भनी लेखि आएको हुँदा ताहाँ र अन्तर्गतका निकायमा सोही बमोजिम गर्ने गराउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ।

तपशील:

बुँदा नं.१. " सरकारी पत्र,कागजात,सुचना तथा जानकारी अनाधिकृत रुपमा दुरुपयोग हुने गरेको अवस्थामा यस्ता विषयहरु अनिवार्य सरकारी आधिकारीक इमेल र वेभसाइटबाट मात्र प्रयोग हुने गरी आवश्यक व्यवस्था मिलाउने।

बुँदा नं.२. "सरकारी निकायबाट प्रयोग गरिने एप्स तथा सामाजिक सञ्चालनहरु सुरक्षा, गोपनियता र उपयोगिताका हिसाबले उपयुक्त रहेको भनी नियमनकर्ता निकायले पुष्टि गरेपछी मात्रै प्रयोग गर्न पाइने व्यव्था गर्ने।

(राजेन्द्र कुमार गौतम)
शाखा अधिकृत